**बैठकका क्रियाकलाप तथा निर्णयहरु:**

निर्णय नं. ०१: यसअधिका नगर स्तरीय CCMC बैठकका निर्णयहरु बारे समीक्षा गरियो।

निर्णय नं. ०२: DCCMC को मिति २०७८।०१।२५ को बैठकको निर्णयहरु पाना ०१ बचन गरी जानकारी गराइयो।

निर्णय नं. ०३: यसअधिका नगर स्तरीय CCMC बैठक तथा DCCMC का निर्णयहरु कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालाहरुलाइ सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ०४: यस नगरपालिकाले सञ्चालन गरिरहेको कोभिड आइसोलेशन केन्द्रका लागि १० थान अक्सिजन सिलिण्डरका लागि सिफारिश उपलब्ध गराइ पाउँन जिल्ला प्रशासन कार्यालय झापालाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ०५: स्थानीय वजार तथा पशलहरुमा उपभोग्य सामग्रीहरुको मूल्यवृद्धि भएको भनी जन गुनाशो आएकोले महामारीको यस समयमा मूल्यवृद्धि नियन्त्रण गर्न तथा पसलहरुमा मूल्य सूची टाँस गर्न स्थानीय उद्योग वाणिज्य संघ, वजार व्यवस्थापन समिती मार्फत अनुरोध गर्ने साथै अनुगमनका क्रममा मूल्यवृद्धि गरेको तथा मूल्य सूची टाँस नगरेको पाइएमा नियमानुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ०६: RRT का पदाधिकारीहरुलाइ शनिश्चरे अस्पतालको खाली रहेको कर्मचारी आवास गृह तथा एम्बुलेन्स चालकहरुलाई नगर कार्यपालिकाको कार्यालय हाता भित्रै वासस्थानको व्यवस्था मिलाउँने निर्णय गरियो।

निर्णय नं. ०७: कोभिड १९ नियन्त्रणका लागि अत्यावश्यक औषधि, औजार, उपकरण लगायतका सामग्रीहरु प्राथमिकताका साथ खरीद गर्ने निर्णय गरियो।

निर्णय नं. ०८: यस नगरभित्रका दीर्घरोगका नियमित औषधि सेवन गरिरहनुहुने स्वास्थ्य बिमामा आबद्ध लाभग्राहिहरुलाई वडास्तरका स्वास्थ्य संस्थाहरु मार्फत हप्ताको १-२ दिन औषधि उपलब्ध गराउँने, उक्त कार्यमा सम्लग्न हुने वडास्तरका स्वास्थ्यकर्मीहरुलाई मासिक पाँच लिटर पेट्रोल उपलब्ध गराउँने।

निर्णय नं. ०९: औषधि लगायतका अत्यावश्यक सामग्री किनमेल तथा व्यवस्थापनका लागि DCCMC बाट स्विकृत समय विहान ६ वजेबाट १० वजेसम्म तथा निर्माण सम्बन्धि कार्यहरुका लागि दुइ सिफ्टमात्र विहान, बेलुका ६ वजेबाट १० वजेसम्म स्वास्थ्य मापदण्ड अपनाइ सञ्चालन गर्ने व्यवस्था सम्बद्ध सबै सरोकारवालाहरुको सहयोगमा कडाइका साथ लागु गर्ने निर्णय गरियो।

निर्णय नं. १०: कोभिड १९ नियन्त्रणका लागि भएका भूक्तानी हुन बाँकी यस अधिका स्विकृत खर्चहरु सात दिन भित्रमा भूक्तानी गर्न सम्बन्धित शाखालाइ जानकारी गराउँने निर्णय गरियो।

निर्णय नं. ११: कोभिड १९ नियन्त्रण तथा प्रतिरक्षा प्रणाली अभिवृद्धि गर्ने औषधिहरु संक्रमित व्यक्ति तथा परिवारजनमा वितरण गर्ने व्यवस्था आयुर्वेद औषधालय, शनिश्चरे मार्फत व्यवस्था मिलाउँने निर्णय गरियो।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा प्रदेश, नेपाल

हरी कुमार राना मगर
नगर प्रमुख

निर्णय नं. १२: कोभिड १९ नियन्त्रणका लागि स्थानीय समाजसेवी, अर्जुनधारा न. पा. वडा नं. ०८ निवासी सुधा गट्टानीले यस नगरपालिकालाइ ५,००० थान सर्जिकल मास्क हस्तान्तरण प्रदान गर्ने तथा अत्यावश्यक १० सिलिण्डर अक्सिजन प्राप्तिका लागि आवश्यक सहजीकरणका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं १३: कोभिड १९ संक्रमण भइ उपचाररत यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत संक्रमित सम्पूर्ण नगरवासीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो।

निर्णय नं. १४: कोभिड १९ संक्रमण भइ मृत्यु वरण गर्नुहुने यस नगरपालिका वडा नं. ०६ निवासी श्री नवराज सापकोटा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो।

निर्णय नं. १५: महामारीको यस समयमा वडा कार्यालयहरुमा समेत सवारी पासको लागि अनुमति माग गरी सवारी पास लिने गरेकोमा त्यसरी जारी हुने पासका कारण समस्या हुने भएकोले स्थानीय जनप्रतिनीधिज्यूहरुले स्थानीय क्षेत्रका सुरक्षाकर्मीहरुसँगको समन्वयमा सहजीकरण गरी दिने व्यवस्था मिलाउँन र वडा कार्यालयहरुबाट कुनै प्रकारको सवारी पास जारी नगर्न वडाहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

अन्त्यमा कोभिड १९ नियन्त्रणका लागि आम नगरवासी, सम्बद्ध सरोकारवालाहरु सबैलाइ अनुरोध गर्दै बैठकमा सहभागीहरुलाइ धन्यवाद दिइ नगर प्रमुखज्यूबाट बैठकको समापन गरियो।

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं. प्रदेश, नेपाल

२०७८।१।२७
हरी कुमार राना मगर
नगर प्रमुख